# श्री जनसंख्या तथा वातावरण मन्त्रालय,सिंहदरवारमा पेश गरेको स्थलगत निरिक्षणको प्रतिवेदन ।

रिट निवेदक नारायण प्रसाद देवकोटा विपक्षी यस मन्त्रालय समेत भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैशला बमोजिम रोडा ढुंगा, गिट्टीको संकलन तथा उत्खनन् एवं अनुगमन गर्नको लागि नेपाल सरकार माननिय मन्त्री स्तरीय निर्णयानुसार यस मन्त्रालयको वातावरण महाशाखाको प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको प्राविधिक समिति गठन भएको ।

क) संयोजक, वातावरण महाशाखा, सहसचिव, जनसंख्या तथा वातावरण मन्त्रालय
ख) सदस्य, सि.डि.इ माइनिङ्ग, खानी तथा भूगर्भ विभाग
ग) सदस्य, जियोलोजिष्ट, खानी तथा भूगर्भ विभाग
घ) सदस्य, विभागीय प्रमुख, वातावरण विभाग,त्रि.वि
ङ) सदस्य  प्रतिनिधी,उपसचिव(प्रा.) बन तथा भूसंरक्षण मन्त्रालय
च) सदस्य-सचिव उपसचिव(कानुन) जनसंख्या तथा वातावरण मन्त्रालय

खानी तथा भूगर्भ विभागको प.सं ०७३।०७४ च.नं.२५२ मिति २०७३।०५।०८ को पत्रबाट काभ्रेपलाञ्चोक जिल्ला कलाती भूमिडाँडा गा.वि.स.वडा नं ३ अन्तरगतको श्री रुसीखोला ढुगां रोडा उद्योग प्रा.लिको  ढुंगा खानी उत्खनन् सम्वन्धमा सो उद्योगबाट पेश भएको  IEE प्रतिवेदन स्वीकृतिको लागि सिफारिश गरी पठाएको व्यहोरा उल्लेख गरिएको पत्र प्राविधिक समिति समक्ष पेश हुन आएको ।

प्राविधिक समितिको मिति २०७३।०६।०५ गते बसेको वैठकले समितिका सदस्यहरुबाट देहायका विषयमा केन्द्रित रही निरिक्षण गर्ने कार्यक्रम तय भएको ।

- हाल प्रस्ताव गरिएको स्थान नेपाल सरकारले रोडा ढुंगा खानी लगायतका उद्योगको लागि तोकेको मापदण्ड भित्र पर्छ वा पर्दैन सोको अध्ययन गर्ने
- उक्त उद्योग स्थापना गरी सञ्चालन गर्दा त्यसबाट उल्लेखनिय रुपमा वातावरणीय प्रभाव पर्न सक्छ वा सक्दैन स्थानीय रुपमा छलफल समेत गरी आफ्नो राय सुझाव सहितको स्थलगत प्रतिवेदन पेश गर्ने ।

समितिको निर्णय बमोजिम समितिका सदस्यबाट मिति २०७३।०६।०८ उद्योग सञ्चालनको लागि प्रस्ताव गरिएको स्थानको स्थलगत अध्ययन गर्दा देहाय बमोजिम भएको पाइयो :-

- उक्त ढुंगा खानी उद्योग रहन प्रस्ताव गरिएको स्थान काभ्रेपलाञ्चोक जिल्ला कलाती भूमिडाँडा गा.वि.स. वडा नं ३ पनौती बजारबाट पश्चिम तर्फ करिव चार किलो मिटरको दुरीमा निवेदकहरुको स्वामित्व रहेको जग्गामा स्थापना गर्न खोजिएको पाइयो ।

- सो उद्योगले स्थापना गरी सञ्चालन गर्न प्रस्ताव गरिएको स्थान पनौती खोपासी सडक पनौती बसर्पाकबाट दक्षिणतर्फ करिव चार कि.मि भन्दा बढीको दुरीमा रहेको पाइयो ।





**(प्रस्तावित स्थान)**

- प्रस्तावित उद्योगको नजिकै अन्य खानी उद्योगहरु सञ्चालन हुदै आएको पाइयो ।
- प्रस्तावित उद्योगको स्थानसम्म जाने मोटरवाटो रहेको र सो स्थानबाट करिव पाँचसय मिटर तल केही मानव वसोवास गर्ने घरहरु समेत रहेको देखिएको ।
- सो स्थानको पूर्व तर्फ तल्लो भागमा पाँच वटा र माथिल्लो भागमा पाँच वटा घरहरु र केही मकै खेती लगाइएको कृषियोग्य जमिन रहेको र उद्योग सञ्चालक र स्थानीयका अनुसार ती घरजग्गाहरु पनि सञ्चालकहरुले खरिद गरि लिए भन्ने जानकारी प्राप्त हुन आयो ।



(प्रस्तावित स्थानको तल्लो भागमा रहेका घरहरु)



(प्रस्तावित स्थानको माथिल्लो भागमा रहेका घरहरु)

- उद्योगले प्रस्ताव गरेको स्थानको दायाँ र बायाँ खोल्सी रहेको पाइयो ।





- सो स्थानको माथिल्लो भागमा साविकमा पाँच वटा घर रहेकोमा २०७२ साल वैसाख १२ गतेको महाभूकम्पबाट ती घरहरु भत्किएकोले हाल त्यसमा बसोवास गर्दै आएका केही मानिसहरु ससाना छाप्रो बनाई बसेको र उद्योग सञ्चालन पश्चात आफुहरुले अन्यत्र बसोवास गर्ने गरी उद्योग सञ्चालकलाई जमिन बेचेको जानकारी उद्योग प्रभावित क्षेत्रमा भेटिएका काभ्रेपलाञ्चोक जिल्ला कलाती भूमीडाँडा गा.वि.स. वडा नं ३ बस्ने लक्ष्मण भूजेलबाट जानकारी प्राप्त हुन आएको ।



**(समितिका सदस्य र प्रस्तावित स्थानमा भेटिएका स्थानीय लक्ष्मण भूजेल)**

- उक्त स्थान खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा नियमावली, २०५६ अनुसार नेपाल सरकारले तोकेको अन्य मापदण्डहरु पुरा भएको पाइयो ।

**समितिको निश्कर्ष एवं सुझावहरुः**

खानी तथा भूगर्भ विभागबाट आइ.इ.ई प्रतिवेदन स्वीकृतिको लागि पेश हुन आएको फाइलमा संलग्न कागजातहरुको अध्ययन तथा ढुंगा खानी उद्योग स्थापना गर्न प्रस्ताव गरिएको ठाँउमा गरिएको स्थलगत निरिक्षण तथा उद्योग सञ्चालकसँग गरिएको कुराकानीको आधारमा देहाय बमोजिम हुनको लागि सुझाव पेश गरेका छौ :-

- प्रस्तावित उद्योग सञ्चालनको लागि तय भएको स्थानको वाँया तर्फ पानी वग्दै गरेको खोल्सी रहेको देखिदा त्यसलाई कुनै असर नपर्ने गरी संरक्षणको उपाय अपनाउनु पर्ने देखिएको ।
- प्रस्तावित स्थानको तल्लो तथा माथिल्लो भागमा हाल दश वटा घरहरु रहेको देखिदा प्रस्तावित उद्योग सञ्चालनको क्रममा ती घरहरुमा असर पुग्न सक्ने देखिदा उद्योग सञ्चालन पूर्व ती घरहरुको सम्वन्धमा उचित व्यवस्थापन गरिनु पर्ने ।
- प्रस्तावित स्थानबाट करिव पाँचसय मिटर तल बाटोमा केही घरहरु रहेकोले उद्योगको सञ्चालन पश्चात उद्योग तथा सवारी साधनबाट ती घरवस्तीमा धूवाँ धुलोको कारण असर पर्न सक्ने देखिदा धूवाँ धूलो नपुग्न गरी सञ्चालकबाट उपयुक्त व्यवस्था मिलाउनु पर्ने ।
- माथि उल्लेखित अवस्थाहरु बाहेक प्रस्तावित उद्योग प्रा.लिले उद्योग स्थापना गर्न प्रस्ताव गरेको स्थान नेपाल सरकारले प्रचलित कानुन बमोजिम निर्धारण गरेको अन्य सवै मापदण्ड पुरा गरेको पाइएको ।

**प्रतिवेदकहरु**

| | |
|---|---|
| ........................... | ..................................... |
| पुरुषोत्तम नेपाल | दिनेश नापित |
| उपसचिव(कानुन) | सि.डि.जियोलोजिष्ट |
| जनसंख्या तथा वातावरण मन्त्रालय | खानी तथा भूर्गभ विभाग |